गाउँ सभा भएको मिति २०७९/०३/२०

## महादेवा गाउँपालिकाको छैंठो गाउँसभाले अनुमोदन गरेका विधेयकहरु :

क) आर्थिक विधेयक २०७९

ख) आ.व. २०७९/०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम

ग) आ.व. २०७९/८० मा संचालन हुने योजना तथा कार्यक्रमहरु

घ) बार्षिक गाउँ विकास योजना २०७९/८०

## महादेवा गाउँपालिकाको विभिन्न क्षेत्रसँग सम्बन्धित गाउँसभाले गरेका विशेष निर्णयहरु

### निर्णय नं. १

महादेवा गाउँ कार्यपालिकाबाट मिति २०७८ श्रावण १ गते देखि २०७९ साल आषाढ मसान्तसम्मको अविधमा विभिन्न मितिमा बसेको कार्यपालिकाको बैठकले गरेका सम्पूर्ण निर्णय तथा काम कारवाहीहरु समर्थन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

छैंठो गाउँ सभा तयारीको प्रकृयामा भएको राजश्व परामर्श समितिको बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक, योजना तथा कार्यक्रम तर्जुमा निर्धारण समितिको बैठक समेत समितिहरुले गरेका सम्पूर्ण निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

आ.व. २०७८/०७९ मा गाउँ कार्यपालिका तथा कार्यालयबाट भएका सम्पूर्ण निर्णय र चालु तथा पूँजीगत खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं.-४

महालेखा परिक्षकको आ.व. २०७६/०७७ को प्रतिवेदन अनुसार दफा ८ र ४५ र आ.व. २०७७/०७८ को प्रारम्भिक प्रतिवेदनको दफा १६.१, ३२.१, ३०, ३२.२, ३२.३,३८, ४०.३ र ४४ मा उल्लेख भएका अनियमित देखिएको वेरुजु सम्वन्धमा देहायका वेरुजु नियमित गर्दा कुनै प्रकारको हानी नोक्सानी नहुने भएकोले सर्वसम्मतले निर्णय पारित गर्ने निर्णय गरियो ।

देहायः

| सि. नं. | संक्षिप्त वेहोरा | रकम | कार्यालयको भनाई | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारी प्रोत्साहन भत्ता | ४०००००/- | गाउँसभाको निर्णय नं.० अनुसार कार्यालय समय बाहेक साझ विहान अतिरिक्त समयमा काम काज गरे वापत प्रोत्साहन दिने निर्णय रहेकोले अनियमित नरहेको हुनाले वेरुजु फर्छयौट गरिदिन हुन अनुरोध छ । | २०७६/०७७ |

महादेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी २०७३

| | | | | |
|---|---|---|---|---|
| | सोझै खरिद | ३६६७९६०/- | ऐन नियम अनुसार अनियमित देखिए पनि कार्यलयलाई हानि नोक्सानी हुने कार्य नभएको हुनाले वास्तविक खरिद भएको अब आइन्दा उल्लेखित ऐन नियमको अक्षरसः पालना गर्ने प्रतिवध्ता गर्दै उल्लेखित वेरुजु फर्छ्यौट गरिदिन हुन अनुरोध गर्दछौ । | २०७६/०७७ |
| ३ | कोभिड स्पताल संचालन खर्च | १८८८४३२/- | उल्लेखित वेरुजुको सम्वन्धमा श्री स्वास्थ्य तथा जन संख्या मन्त्रालय र संघिय मामिला तथा समान्य प्रसाशन मन्त्रालयबाट भएको परिपत्र बमोजिम तत्कालिन विश्व माहामारी कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि अस्पताल नभएका स्थानिय तहहरुलाई ५ सैयाको अस्थाई कोभिड स्पताल स्थापना तथा संचालनका लागि रु. १० लाखको अख्तियारि समेत पठाइको आधारमा यस गाउँपालिकाले उक्त अस्पताल संचालन गर्न उचित भवनको व्यवस्थाको क्रममा महादेवा गा.पा. वडा नं.-३ डिस्को हाट हटिया नजिक रिक्त रहेको जिर्ण अवस्थाको साविकमा पशु सेवा केन्द्र संचालन रहेको भवन लाई मर्मत संभार गरि ५ सैयाको महादेवा गाउँपालिका अस्थाई कोभिड अस्पताल स्थापना गरिएको हो उक्त कोभिड अस्पताल संचालन गर्नको लागि जनस्वस्थ्य अधिकृत-१,अ.न.मि.-१ र कार्यालय सहयोगी-१ गरि ३ जना कर्मचारी नियुक्ती गरि संचालनमा रहेको हुनाले उक्त वेरुजु फर्छ्यौट गरिदिन हुन अनुरोध छ । | २०७७/०७८ |
| ४ | इन्धन खर्च | ११९०२६५.९४/- | उल्लेखित वेरुजु संवन्धमा खर्च भएको इन्धनको लग वुक भरी श्रेस्तामा लगाइको हुनाले वेरुजु फर्छ्यौट गरिदिन हुन अनुरोध छ। | २०७७/०७८ |
| ५ | खरिदमा प्रतिस्पर्धा | १५५७९४७०/- | कोभिड-१९ महामारी व्याप्त रहेको कठिन अवस्थाले गर्दा | २०७७/०७८ |
| ५ | सवारी मर्मत | २०८३८२/- | उल्लेखित वेरुजुको सम्वन्धमा मर्मत गरेको सवारि साधन कार्यालयको तथा इलाका प्रहरी कार्यालयको रहेको हुनाले प्रमाण श्रेस्तामा लगाइएको र अव उपरान्त सवारि साधन मर्मत गर्ता मर्मत आदेश, जिन्सी दाखिला गरि मात्र सवारि मर्मत गर्ने प्रतिवधता गर्दै वेरुजु फर्छ्यौट गरिदिन हुन अनुरोध छ । | २०७७/०७८ |
| ६ | इन्धन पदाधिकारी | ८४३९८०/- | ईन्धन खर्च वापतको सवारी लगबुक पेश हुन आएकोले बेरुजु हटाई दिनु हुन । | २०७७/०७८ |
| ७ | सोझै खरिद | ६९६८१४/- | ऐन नियम अनुसार अनियमित देखिए पनि कार्यलयलाई हानि नोक्सानी हुने कार्य नभएको हुनाले वास्तविक खरिद भएको अब आइन्दा उल्लेखित ऐन नियमको अक्षरसः पालना गर्ने प्रतिवध्ता गर्दै उल्लेखित वेरुजु फर्छ्यौट गरिदिन हुन अनुरोध गर्दछौ । | २०७७/०७८ |
| ८ | गाडी भाडा | १४६९०००/- | उल्लेखित वेरुजुको सम्वन्धमा प्रमाण श्रेष्तामा लगाइएको हुनाले अव उपरान्त सवारि साधन भाडामा लिनु परेमा सम्वन्धित ऐन | २०७७/०७८ |

| | | | |
|---|---|---|---|
| | | नियमको पालना गरि मात्र भाडामा लिने प्रतिवध्ता जनाउदै उक्त वेरुजु फर्छ्यौट गरिदिन हुन अनुरोध छ । | |
| औषधी खरिद | २९८७९३४/- | कोभिड-१९ को महामारी व्याप्त रहेको कार्यालयलाई हानी नोक्सानी हुने कार्य नगरेको खरिद कार्य भएको । | २०७७/०७८ |

## निर्णय नं. ५

महादेवा गाउँपालिकाबाट अति जोखिममा परेका व्यक्ति वा परिवारलाई आर्थिक सहयोग/विपन्न वर्गलाई उपचार खर्च वापत आर्थिक सहयोगको हकमा रु.५,०००।०० देखि २५,०००।०० सम्म आर्थिक सहायता उपलब्ध गराउन सक्ने गरी गा.पा. अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।।

## निर्णय नं. ६

आ.व. २०७९/८० को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार खरिद योजना बनाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

यस गाउँपालिकाबाट संचालन हुने भौतिक योजनाको लागत अनुमानबाट ३ तीन प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरी कार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिम शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

देहाय

क. सेवा परामर्श
ख. उपभोक्ता समिति गठन र तालीम
ग. मसलन्द र छपाई खर्च
घ. विज्ञापन खर्च
ङ होर्डिङ्ग बोर्ड निर्माण
च. अनुगमन र सुपरिवेक्षण
छ भ्रमण खर्च
ज. मेशिनरी उपकरण खरिद
झ. सवारी साधन खरिद
ञ. विविध

## निर्णय नं. ८:

आ.व. २०७८/७९ का लागि विभिन्न शिर्षकमा विनियोजित बजेट नपुग भई मौज्दात रहेका अन्य शिर्षकबाट खर्च गरिएको सबै खर्च रकम सम्बन्धित शिर्षकमा नै खर्च कायम गरी समर्थन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

गाउँ कार्यपालिकाबाट भएका नीतिगत निर्णयहरु, थपघट करका दरहरु, विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरिएको आर्थिक सहयोग र २०७९ आषाढसम्म सम्पन्न भएका योजना, कार्यक्रममा भएको सम्पूर्ण भुक्तानीको रकम समर्थन गरी योजना फरफारक गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३ अनुसार आ.व. २०७९/८० को लागि गाउँपालिकाको आफ्नो क्षेत्र भित्र हुने निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको न्यूनतम

निर्णय नं. ११
वडा बस्तीस्तरबाट छलफल भई गाउँ सभासम्म आएका सबै योजनाहरुलाई कार्यान्वयन गर्न गाउँपालिकाको श्रोत अपर्याप्त भएको कारण आफ्नो श्रोत नपुगेका योजनाहरु कार्यान्वयनका लागि छुट्टै सूची बनाई प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. १२
यस महादेवा गाउँपालिका क्षेत्र भित्र रहेको सरकारी भवन, एलानी पर्ति जग्गा, सार्वजनिक सम्पत्ति खोजबिन गरी लगत अध्यावधिक गरी सार्वजनिक समेत गर्न सम्बन्धित वडा समितिलाई परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३
महादेवा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आ.व. २०७८/७९ को तलबी प्रतिवेदन अनुमोदन गरी आ.व. २०७९/८० को तबली प्रतिवेदन पारित गर्न गराउन लेखा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४
चालु आ.व.मा योजना संचालन तथा गाउँसभा तयारीका क्रममा खटिने कर्मचारीहरुलाई साँझ बिहान अतिरिक्त काम गरे वापत बढीमा ३० तीस दिनको थप पारिश्रमिक बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५
गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको आवास तथा सञ्चार सुविधा खर्चमा मँहगीलाई मध्यनजर गरी सुविधा वापत मासिक रु. २५०००/- निर्धारण गरियो ।

निर्णय नं. १६
यस गाउँपालिकामा आ.व. २०७९/८० मा संचालन हुने तालीम, गोष्ठी, परिक्षा संचालन, अनुगमन आदि खर्चको सीमा देहाय बमोजिम रहने निर्णय गरियो ।

देहायः

| क.सं. | कर्मचारीको पद | प्रतिदिन रु. |
|---|---|---|
| १ | अधिकृत स्तर | १०००।०० |
| २ | ना.सु. स्तर | १०००।०० |
| ३ | खरिदार स्तर | १०००।०० |
| ४ | श्रेणी बिहीन | ५००।०० |

निर्णय नं. १७
यस कार्यालयमा कार्यरत कर्मचारीहरू मध्ये कार्यालय समय भन्दा बढी समय सम्म काम काज गर्ने कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतीमा बढीमा तलबको २५ प्रतिशत प्रोत्साहन वापत थप पारिश्रमिक दिने निर्णय गरियो ।

निर्णय नं. १८
महादेवा गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा विषयगत शाखाका कर्मचारीहरुलाई आवश्यकता अनुसार अनुभव आदान प्रदान र कार्यालयको प्रशासनिक सेवा प्रवाह तथा कार्यबोझलाई दृष्टिगत गरी

काम काजमा समेत सहज हुने विषयलाई ध्यानमा राखी आन्तरिक सरुवा गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १९

पत्रपत्रिका तथा विभिन्न मिडियाबाट प्रकाशन तथा प्रसारण हुने सूचनाहरु विज्ञापनका लागि मिडिया तथा पत्रपत्रिकाबालासँग पटके/बार्षिक/मासिक रुपमा सम्झौता गरी सो सिमा भित्र रही मात्र प्रकाशन तथा प्रसारण गर्न सूचना प्रविधि शाखा वा प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. २०

गाउँपालिकाले चालु वर्षका लागि तय गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका क्रममा आवश्यक पर्ने नियमावली तथा कार्यविधी निर्माण गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २१

गत आ.व. ०७८/७९ को गाउँसभाको निर्णयलाई निरन्तरता दिंदै गैर कर राजश्व संकलनमा जोड दिई गाउँपालिका भित्र रहेका सार्वजनिक पोखरीहरुको ठेक्का गाउँपालिकाको निर्देशन अनुसार मात्र लगाउन पाउने तथा हाट बजारलाई उचित प्रक्रिया अपनाई ठेक्का लगाई गैर कर राजश्व वृद्धि गर्ने निर्णय गरियो ।

## निर्णय नं. २२

यस कार्यालयबाट स्वीकृत गरी प्रदान गरिएको सम्पूर्ण घ वर्गको इजाजत पत्रलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २३

यस कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट संकलन भएको राजश्व तोकिएको शिर्षक अनुसार समयमा राजश्व दाखिला नभएको कारण गाउँपालिकाको कुल राजश्व आम्दानी यकिन हुन नसकेकोले अब उप्रान्त संकलित राजश्व नेपाल सरकारको नियमानुसार तोकिएको समय र शिर्षक अनुसार बैक दाखिला गरी सो को हिसाब किताब कार्यालयको राजश्व शाखामा बुझाउने अन्यथा नियमानुसार कार्यवाही हुने गरी निर्णय पारित गरियो ।

## निर्णय नं. २४

कर्मचारीहरुको हकमा निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० अनुसार आचरण विपरित काम गरेमा सोही ऐन अनुसार कारवाही हुने र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार जनप्रतिनिधि लगायत सरोकारबालाहरु समेत आचरण विपरित काम गरेमा सोही ऐन अनुसार कारवाही गर्ने निर्णय गरियो ।

## निर्णय नं. २५

सम्पूर्ण जनप्रतिनिधी तथा फ्रन्ट लाईनमा कामकाज गर्ने कर्मचारी कामकाजको शिलशिलामा बिरामी पर्दा तथा दुर्घटनामा परी उपचार गर्नु पर्दा उपचार वापतको सम्पूर्ण खर्च गा.पा.को प्रकोप नियन्त्रण कोषबाट व्यहोरिने गरी निर्णय गरियो ।

महादेवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बयनाहा, सप्तरी
२०७३

## निर्णय नं. २६

आ.व. ०७८/७९ मा सम्झौता भई कार्य सम्पन्न समेत भईसकेको तर भुक्तानी हुन बाँकी रहेको तपसिलमा उल्लेखित रकम आगामी आ.व. २०७९/८० मा जिम्मेवारी सारी भुक्तानी हुन गत आ.व.को बाँकी दायित्व शिर्षकबाट भुक्तानी दिने गरी निर्णय गरियो ।

तपसिल

१ श्री रिद्धीसिद्धी ट्रेड कन्सर्न रु ३ तीन लाख
२ गीता आयल ट्रेड राजविराज रु. ५ लाख
३ एकता ट्रेडर्स एण्ड सप्लायर्स राजविराज रु.४ लाख
४ दीप ट्रेडर्स एण्ड सप्लायर्स रु. ५ लाख
५ आयुष ट्रेडर्स एण्ड सप्लायर्स रु.४.५ लाख
६ जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्स रु ३.९० लाख
७ दीपक ट्रेडर्स एण्ड सप्लायर्स रु. ४.८० लाख
८ एकता अपसेट प्रेस रु ५ लाख
९ इन्टरफेस कम्प्युटर सिस्टम लाहान रु. ३.९ लाख
१०जय माँ सप्लायर्स एण्ड ट्रेडर्स लहान रु. ४.९० लाख
११छिन्नमष्ता विकास संस्था लिमिटेड रु ६ लाख
१२महादेवा गा.पा. १ नं. वडा चिम्टीको रामलखन यादव घर नजिक अमसोत नदिमा पुल निर्माण रु १५ लाख
१३स्वास्थ्य चौकी, मन्दिर, गा.पा. भवन,सीमा स्तम्भ बोर्ड रंगरोगन तथा मर्मत सम्भार रु. ५ लाख
१४आ.ई.टी सोलुसन, शम्भूनाथ ५ रु. ७ लाख
१५ वेव सरवर कम्नीकेशन रु ५ लाख
१६ आनन्दीको घर देखि रामफलको घरसम्म नाला निर्माण उ.स. भगवतपुर रु.२५.५ लाख
१७ नन्दकेशर मुखिया घर देखि कोसकी पोखरीसम्म नाला निर्माण उ.स. भगवतपुर रु १०.५ लाख
१८ सन्तोषी निर्माण सेवा सिरहा भगवतपुर फिल्ड देखि भागवत मंडलको घरसम्म नाला निर्माण उ.स. रु ४ लाख
१९ राष्ट्र जनजागरण अभियान नेपाल राजविराज रु ५ लाख
२० सुप्रिया ईन्जिनीयरिङ्ग कन्सल्टेन्ट कोटेश्वर रु. ६ लाख
२१ उदय निर्माण सेवा राजविराज रु ३ लाख
२२ माझी निर्माण सेवा भारदह रु २.५ लाख
२३ अंकुरी महादेव मन्दिर परिसरमा निर्मित पार्वती मन्दिरमा टायल तथा मार्बल लगाउने काम उ.स. रु ५ लाख
२४ आर.एन. कन्स्ट्रक्सन तिलाठी कोइलाडी १ रु. ३.५ लाख

## निर्णय नं. २७

यस गा.पा.क्षेत्र भित्र संचालनमा रहेका गुद्री हटिया मिलन चौक वडा नं. १, प्रसाही हटिया वडा नं. ४, शिव चौक वडा नं. ४, शहिद चौक हटिया वडा नं. ४, हुरियाहा हटिया वडा नं. ३, डिस्को हटिया वडा नं. ३, भगवतपुर हटिया वडा नं. ५, लोहापूल हटिया वडा नं. ६ लगायत यसमा नपरेका हटिया समेत सम्पूर्ण हटियालाई ठेक्का लगाई राजश्व संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

यस महादेवा गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक विशेषता बोकेका सम्पूर्ण मठ, मन्दिर, मस्जिद आदिलाई व्यवस्थित गर्दै पर्यटकीय विशेषता बोकेका पिपराही पोखरी, अकवर्षा बाबा थान, बलिया मंठ, देवी पोखरी, पकरी खेल मैदान ईत्यादी पर्यटकीय स्थलहरुलाई सुदृढीकरण गर्ने तर्फ आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

यस महादेवा गाउँपालिका अन्तर्गत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई निर्वाह भत्ता वापत खाईपाई आएको मासिक रु. १५०० अक्षेरेपी रु. एक हजार पाँच सयमा रु. ५००।०० थप गरी जम्मा रु. २०००।०० मासिक रुपमा निर्वाह भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. ३०

कार्यपालिकाले विगतका आ.व.हरुमा गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुको दैनिक कार्य संचालन गर्न विभिन्न मितिमा गरेका सबै सेवा करार नियुक्तिलाई समर्थन गर्दै निजहरुलाई दिएको भुक्तानी रकम समेत समर्थन गर्ने निर्णय गरियो । साथै गा.पा.अध्यक्षज्युको संयोजकत्वमा तपसिलमा उल्लेखित सदस्य रहने गरी कार्यालय व्यवस्थापन समिति गठन गरी संगठन अनुसारका दरबन्दी व्यवस्थपान गरी बाँकी रहेका सेवामा कार्यरत करार कर्मचारीहरुको २०७९ श्रावण १ गते देखि म्याद थप नगरिने निर्णय पारित गरियो ।

तपसिल

| | |
|---|---|
| १ गा.पा. अध्यक्ष श्री सुनिल कुमार मंडल | संयोजक |
| २ वडा अध्यक्ष श्री गजेन्द्र मण्डल | सदस्य |
| ३ वडा अध्यक्ष श्री हेरेराम मण्डल | सदस्य |
| ४ प्र.प्र.अ. श्री रामलखन यादव | सदस्य |
| ५ प्र. शाखा श्री वोपदेव प्रसाद यादव | सदस्य-सचिव |

निर्णय नं. ३१

महादेवा गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको जग्गा प्राप्ती ऐन २०३४ अनुसार जग्गा अधिग्रहण गरी वडा नं. ५ स्थित पिपराही पोखरी नजिक डिल समेतको सार्वजनिक जग्गामा पार्क, वडा नं. ५ स्थित सरकारी भन्ने सार्वजनिक पोखरीको पूर्वपट्टीको डिलमा १५ शैया अस्पतालको भवन निर्माण गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

महादेवा गाउँपालिका वडा नं. ५ मा साविकमा रहेको चन्द्र नहर सिँचाई कार्यालय जीर्ण अवस्थामा रहेको हुँदा सो जग्गामा यस गाउँपालिकाको प्रशासकीय भवन लगायतका संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गा प्राप्ती ऐन २०३४ अनुसार अधिग्रहण गरी लिन वा सार्वजनिक खरिद ऐन अनुसार खरिद गरी लिन कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३३

यस गाउँपालिका क्षेत्र भित्रका ९० प्रतिशत भन्दा बढी कृषि योग्य जग्गालाई स्थायी रुपले सिँचाई सेवा पुर्याउन संघीय सरकार सशर्त अनुदान (पूँजीगत खर्च) सम्पूरक कोष वापत प्राप्त रु. १,५०,००,०००।०० अक्षरेपी रु एक करोड पचास लाख मात्र र गाउँपालिकालाई प्राप्त संघीय सरकार समानिकरण अनुदान वापत प्राप्त रकम मध्येबाट रु १,५०,००,०००।०० अक्षेपी रु एक करोड पचास लाख मात्र गरी जम्मा रु ३,००,००,०००।०० जम्मा रु तीन करोडको यस महादेवा गाउँपालिका क्षेत्र भित्रका किसान दाजु भाईका लागि सिँचाईका लागि विद्युतीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

पछिल्लो सरकार अनुसार यस महादेवा गाउँपालिका क्षेत्र भित्रका सडक बाटोहरु माटो ग्राभेल भई सकेको केही केही ठाउँमा आंशिक रुपमा ढलान समेत भएको पाइएको हुनाले आगामी आर्थिक बर्ष २०७९/८०मा संचालन हुने योजनाहरु मध्ये सडक बाटो ढलान तर्फ अधिकतम लगानी गरिने निर्णय गरियो ।

निर्णय नं. ३५

महादेवा गाउँपालिकाको छैंठो गाउँसभा सम्पन्न गर्न योगदान पुर्याउनु हुने गाँउभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, संचारकर्मी, उद्योगी व्यवसायी तथा सम्पूर्ण गाउँबासीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यो ऐतिहासिक छैंठो गाउँसभा यहीं सम्पन्न भएको घोषणा गर्दछौं ।